
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर १६ गते शुक्रबार ❑ 2 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गठबन्धनको तालमेल भएमा गण्डकीमा गठबन्धनकै सरकार बन्न सक्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**

पाँच दलीय गठबन्धनकै तालमेल भएमा गण्डकी प्रदेशमा कागेंसको नेतृत्वमा सरकार बन्ने सम्भावना रहेको छ।

प्रदेशका ११ जिल्ला मध्य स्याङ्जा २(१) र स्याङ्जा २(२) को मतगणना कार्य हाल जारी रहेको छ भने त्यो बाहेक हालसम्म सार्वजनिक भएको मतपरिणाम अनुसार प्रत्यक्ष सहित समानुपातिकमा गरी गठबन्धनको ३४ सिट पुग्ने देखिन्छ। ६० जना प्रदेश सभा सदस्य मध्य यो संख्या बहुमत पुग्ने संख्या हो।

६० सिट मध्य बहुमत ल्याउन भने कम्तिमा ३१ सिट पुर्‍याउनु पर्छ त्यसमा एमालेले प्रत्यक्ष तर्फ १२ र समानुपातिक तर्फ करिब १० गरी २२ सिट सुरक्षित गरेको प्रारम्भिक तथ्याङ्क हेर्दा यस्तो देखिन्छ । मंसिर ४ गते भएको निर्वाचनबाट प्रत्यक्ष तर्फ नेपाली काग्रेंसको १६ सिट, एमालेको १२ सिट, माओबादी केन्द्रको ५ सिट र स्वतन्त्रले एक सिट जितेको छ।

त्यस्तै समानुपातिक तर्फ प्रारम्भिक तथ्याङ्क अनुसार काग्रेंसले १०, एमालेले १०, माओबादीले ४ सिट पाउने देखिन्छ । स्याङ्जा २ बाहेकको मतपरिणाम बाहेक एमालेले समानुपातिकमा सबै भन्दा बढी मत ३ लाख ४० हजार ५ सय ३३, त्यस पछि कागेंसले ३ लाख १७ हजार ५ सय ९६, तेश्रोमा रहेको माओबादी केन्द्रले भने १ लाख १५ हजार ३ सय ६६ मत ल्याउदै राप्रपाले भने ५७ हजार १ सय १६ मत ल्याएको छ।

स्वतन्त्रका राजीव गुरुङ (दीपक मनाङ्गे) प्रदेश सभा सदस्यमा पुनः चयन भएका छन भने उनी उम्मेदवार दर्ता गरेसंगै सर्वसम्वत रुपमा निर्वाचित भएका हुन् । यसअघि गण्डकी प्रदेशमा एमालेले प्रत्यक्ष तर्फ १७ र समानुपातिक तर्फ १० गरी २७ सिट, काग्रेंसले प्रत्यक्ष तर्फ ६ र समानुपातिक तर्फ ९ गरी १५ सिट, माओबादी केन्द्रले प्रत्यक्षमा ६ र समानुपातिक तर्फ ३ गरी ९ सिट, एक स्वतन्त्र, राष्ट्रिय जनमोर्जाले ३ र जनता समाजबादीको २ सांसद भएका थिए।

अहिलेको तथ्याङ्क हेर्दा काग्रेंस नेतृत्वमा प्रदेश सरकार गठन हुने सम्भावना देखिन्छ। काग्रेंसले मुख्यमन्त्रीको रुपमा अघि सारेका काग्रेंसका पुराना नेता शुक्रराज शर्मा समानुपातिक कोटाको पहिलो नम्बरमा भए पनि महिला तथा दलित महिला कोटाले गर्दा सांसदमा छनौट हुने सम्भावना न्यून छ । शर्मा पछि काग्रेंसका सुरेन्द्र पाण्डेलाई मुख्यमन्त्रीको रुपमा अघि सारीएको श्रोतको दाबी छ। पाण्डेले प्रत्यक्ष तर्फ तनहुँबाट विजयी भएका हुन्। गठबन्धनको तालमेल भत्काएको खण्डमा नेकपा एमालेको नेतृत्वमा सरकार बन्ने केही सम्भावना पनि रहेको छ। एमालेको नेतृत्वमा प्रदेश सरकार बन्ने भएमा कास्कीका खगराज अधिकारीको नेतृत्वमा सरकार बन्ने सम्भावना रहेको श्रोतको भनाई छ । माओबादी केन्द्रको नेतृत्वमा सरकार बन्ने सम्भावना न्यून छ यदि माओबादीले अवसर पाएमा तनहुँबाट निर्वाचित एवं पूर्व मन्त्री समेत रहेका हरिबहादुर चुमान मुख्य मन्त्री बन्न सक्छन्।

गण्डकी प्रदेश सभामा प्रत्यक्ष तर्फ ३६ जना र बाँकी २४ जना मतका आधारमा समानुपातिक बाट चयन हुने भएका छन् । निर्वाचित सांसदहरु मध्य ३३ प्रतिशत महिला हुनुपर्ने कानुनी व्यबस्था अनुसार काग्रेंसबाट समानुपातिकमा पर्ने प्रायः सबै जसो महिला समानुपातिक कोटामा पर्ने भएका छन्।

एमालेले स्याङ्जाबाट सिता सुन्दास र नवलपुरबाट पद्मा जिसी विजयी भएका छन् । प्रतिनिधि सभा सदस्यको लागि सदर मतको ३ प्रतिशत प्रदेशको हकमा १.५ प्रतिशत मत ल्याउनु पर्छ अन्यथा उक्त मत समानुपातिमा कुनै अर्थ रहदैन । स्याङजा २ को मत गणना करिब ११ दिन पछि मात्र सुरु भएकोले केही दिनमै उक्त मत परिणाम आएसंगै गण्डकी प्रदेश सरकार गठन प्रकृया अघि बढ्ने बताइएको छ । नेपालको संविधानको भाग १४ मा प्रदेश सभा सम्बन्धि व्यबस्था रहेको छ। धारा १ सय ७६ मा प्रदेश सभा गठनबारे उल्लेख छ। उत्तः धाराको उपधारा ९ मा प्रष्ट भनिएको छ की प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्यक्ष राजनीतिक दलबाट निर्वाचित सदस्य सङख्याको एक तिहाई सदस्य महिला हुनु पर्ने व्यबस्था उल्लेख गरिएको छ।

## कास्की काँग्रेसले अन्तरघातमा संलग्नलाई कारबाहीका लागि सिफारिस गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**

नेपाली कांग्रेस कास्कीले पार्टी भित्र अन्तरघात गर्नेलाइ कारबाहीको लागि सिफारिस गर्ने भएको छ।

नेपाली कांग्रेस कास्कीको आज बसेको बैठकले तेस्तो निर्णय गरेको हो । बैठकमा पधादिकारि एबम सदस्यहरुले पार्टी भित्र अन्तरघात बढेको प्रति चिन्ता व्यक्त गर्दै चर्को आवाज उठाएका थिए। बैठकले अन्तरघातका सम्बन्धमा प्राप्त प्रमाणका आधारमा पार्टी केन्द्रिय कार्य समिति समक्ष सिधै सिफारिस गर्ने सर्वसम्मत निर्णय गरेको हो । अन्तरघात गर्नेको खोजी गरि कारबाही गर्न चर्को दबाब बीच केही प्रमाणहरु प्राप्त भएका छन् । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले भन्नुभयो प्राप्त प्रमाणका आधारमा मात्र कारबाहीका लागि सिफारिस गरिने छ । बैंककले निर्वाचनमा मतदान गर्ने मतदाता , निर्वाचन सम्पन्न गर्ने निर्वाचन आयोग, कर्मचारी, सुरक्षाकर्मि, सन्चारकर्मिलाइ धन्यवाद व्यक्त गरेको छ । त्यस्तै पाँच दलिय गठबन्धनका तर्फबाट प्रदेश सभा सदस्यमा निर्बाचित बिन्दुकुमार थापा र प्रकाश बराल सहित निर्बाचित सम्पूर्णमा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ।

बैठकले पार्टीका निबर्तमान सभापति कृष्ण केसी बिरुद्ध गरिएको नाराबाजी प्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै यस्ता गतिविधि नगर्न सचेत गराएको छ। बैठकले पाँच दलिय गठबन्धनका तर्फबाट उम्मेदवार हुनु भएका सबै उम्मेदवारहरु र पालिकाका प्रत्येक वडा कार्यसमितिसग निर्वाचन अवधि भर भए गरेका गतिविधि र घटनाक्रमहरुलाई समेटेर जिल्ला कार्यसमिति कास्कीमा प्रतिवेदन पेश गर्नका लागि अनुरोध गर्ने निर्णय गरेको छ। बैठक नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा भएको थियो।

## स्याङ्जा–२ मा गुरुङको अग्रता कायमै

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १५ मंसिर**

स्याङ्जा-२ मा प्रतिनिधिसभातर्फको जारी मतगणनामा नेपाली कांग्रेसका उम्मेदवार धनराज गुरुङको अग्रता कायम रहेको छ । साँझसम्मको पछिल्लो मतगणनाबाट कांग्रेसका उपसभापति एवं उम्मेदवार गुरुङले सात हजार नौ सय सात मतसहित अग्रता कायम राख्नुभएको हो।

उहाँका प्रतिस्पर्धी नेकपा एमाले उम्मेदवार पद्माकुमारी अर्याललले पाँच हजार आठ सय ६३ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत रामचन्द्र शर्माले जानकारी दिनुभयो। उहाँहरुबीच दुई हजार ४४ को मतान्तर रहेको छ।

तेस्रो स्थानमा राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराज गुरुङले दुई हजार दुई सस २८ मत प्राप्त गर्नुभएको छ । स्याङ्जाको गल्याङ नगरपालिका वडा नं ६ र ७, भीरकोट नगरपालिकाका वडा नं ५, ६, ७, ८ र ९ तथा वालिङ नगरपालिकाको १, २, ५, ६ र ७ को मतगणना सकिएको छ । हालसम्म १७ हजार एक सय १५ मतगणना भएको छ । मतगणनामध्ये १६ हजार पाँच सय छ मत सदर भएको र छ सय नौ मत बदर भएको निर्वाचन अधिकृत शर्माले बताउनुभयो।

स्याङ्जा-२ (१) प्रदेशसभामा आठ हजार सात सय १३ मतसहित कांग्रेसका उम्मेदवार भोजराज अर्याललले अग्रता लिइरहनुभएको छ । उहाँका प्रतिस्पर्धी नेकपा एमालेका मोहन रेग्मीले छ हजार छ सय ३६ मतसहित उहाँलाई पछ्याइरहनुभएको छ । प्रदेशको प्रत्यक्षतर्फ हालसम्म कूल १७ हजार एक सय ४८ मत गणना हुँदा १६ हजार छ सय ७५ मत सदर भएको छ भने चार सय ७३ मत बदर भएको छ। प्रतिनिधिसभाको समानुपातिकतर्फ पनि नेपाली कांग्रेसलाई सात हजार तीन सय ७२ मत प्राप्त भएको छ भने नेकपा (एमाले) लाई पाँच हजार छ सय ४३ मत प्राप्त भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले दुई हजार सात सय २० मत प्राप्त गरेको छ।

समानुपातिकतर्फ कूल १७ हजार तीन सय छ मत गणना हुँदा १६ हजार सात सय ९० मत सदर भएको छ। पाँच सय १६ मत बदर भएको छ। प्रदेश समानुपातिकतर्फ नेपाली कांग्रेसले आठ हजार तीन सय ६८ मत पाउँदा नेकपा (एमाले) ले छ हजार तीन सय ५९ मत प्राप्त गरेको छ । प्रदेश समानुपातिकतर्फ १७ हजार एक सय तीन मत गणना हुँदा १६ हजार तीन सय ७८ मत सदर भई ७२५ मत बदर भएको निर्वाचन अधिकृत शर्माले बताउनुभयो।

## समानुपातिक निर्वाचनतर्फ एमालेको अग्रता, कांग्रेस दोस्रो स्थानमा

**रासस**
**काठमाडौं, १५ मंसिर**

प्रतिनिधिसभाको समानुपातिक निर्वाचनतर्फ एक करोड तीन लाख ४६ हजार आठ सय १७ मत गणना हुँदा नेकपा (एमाले) अघि देखिएको छ।

निर्वाचन आयोगले सार्वजनिक गरेको मत मरिणामअनुसार २७ लाख ६१ हजार छ सय ४८ मत प्राप्त गरी एमाले सबैभन्दा अघि देखिएको हो । प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षतर्फको निर्वाचनमा सबैभन्दा धेरै स्थानमा विजयी नेपाली कांग्रेस २६ लाख ३० हजार एक सय ४१ मत प्राप्त गरी समानुपातिकातर्फ दोस्रो स्थानमा रहेको छ। यसैगरी ११ लाख ६० सात सय ८३ मत प्राप्त गरी नेकपा (माओवादी केन्द्र) तेस्रो र ११ लाख १४ हजार दुई सय ५८ मतसहित राष्ट्रिय स्वातन्त्र पार्टी चौथो स्थानमा रहन सफल भएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पाँच लाख ८४ हजार नौ सय ६९, जनता समाजवादी पार्टी (जसपा) चार लाख २० हजार सात सय ५० र जनमत पार्टी तीन लाख ९४ हजार एक सय २९ मत प्राप्त गरी थ्रेस होल्ड कटाउन सफल भएका छन् । थ्रेस होल्ड कटाउन समानुपातिक निर्वाचनमा खसेको कूल सदर मतको तीन प्रतिशत ल्याउनु पर्नेछ।

प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष निर्वाचनतर्फ १० स्थानमा विजयी नेकपा (एकीकृत समाजवादी) ले दुई लाख ९३ हजार नौ सय पाँच मत प्राप्त गरेको छ । नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार पाँच सय ६५, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले एक लाख ६७ हजार एक सय २० र नेपाल मजदुर किसान पार्टीले ७५ हजार छब्बीस मत प्राप्त गरको छ। समानुपातिकतर्फको मतगणना करिब अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ।

## महिला हस्तकला तथा सिप तालिम प्रदर्शनीको उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**



प्रत्यक्ष अवलोकनमा आधारित महिला हस्तकला तथा सिप तालिम प्रदर्शनीको विहीबार महिला सिप विकास संस्थाको सभाहलमा प्रमुख अतिथि सिटिइभिटीको आङ्गिक शिक्षालय अन्नपूर्ण बहुप्राविधिक शिक्षालयकी प्रिन्सिपल मोतीमाया सुवेदीले उद्घाटन गरिन।

कार्यक्रमको उद्घाटन गर्दै सुवेदीले प्रशिक्षार्थीलाई सक्रियातापूर्वक सहभागी भएर तालिमबाट दक्षता हाँसिल गर्न आग्रह गर्दै निःशुल्क हातमा सिप र दिमागमा ज्ञान लिन पाइने अवसरको सदुपयोग गर्न जोड दिइन। आफूले आफैलाई बनाउनका लागि केही कुरामा त्याग गर्नै पर्ने भएकाले १२ दिनको सिप सिकाईलाई पहिलो पाइला मान्न आग्रह गरिन । कास्की पोखरा हस्तकला संघकी अध्यक्ष रामकली खड्काले सिप सिकाउँदैमा मात्रै महिलाको जीवनस्तर उठ्दैन् सिकेको सिपलाई निरन्तरता दिनुपर्छ । तालिम लिएपछि प्रमाणपत्रमा मात्रै सीमित नराखी व्यवहारमा उतारेर उद्यमी बन्न आग्रह गरिन।

संघकी कोषाध्यक्ष गोमा ढकालले हामी महिलाको समय त्यसै खेर गइरहेको हुन्छ त्यसलाई सदुपयोग गरेर दुईचार पैसा आर्जन गर्दा आत्मनिर्भरताको बाट समात्न सजिलो हुन्छ । महिलाहरूले उत्पादन गरेको हस्तकलाका सामग्रीको विक्रीकक्ष आवश्यक रहेको बताइन। पोखरा उद्योग वाणिज्य संघले यही मङ्सिर १६ गतेदेखि २५ गतेसम्म पोखरा प्रदर्शनी केन्द्रस्थित समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७९ को छेको पारेर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गण्डकी प्रदेश कार्यालय र कास्की पोखरा हस्तकला संघको सहकार्यमा प्रत्यक्ष अवलोकनमा आधारित हस्तकला तथा सिप तालिम प्रदर्शनी सञ्चालन गरिएको हो । औद्योगिक व्यापार मेलामा महिला हस्ताकलाका सामग्रीको प्रदर्शनी र प्रत्यक्ष रूपमा सिप सिकाइ र तालिमको अवलोकन गरी लाभ लिन सकिने छ । तालिममा २० जना महिलालाई सिप सिकाइने छ। गुडिया र कुसन बनाउने तालिमका लागि कविता विसुङ्खे र प्राकृतिक रेशा एवम् खोस्टाबाट हस्तकलाका सामग्री बनाउने सिपका लागि हिमकुमारी पुनले प्रशिक्षकको भूमिका निर्वाह गर्ने कुरा विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी मुख्य प्रशिक्षक सविता श्रेष्ठ रञ्जितले जानकारी दिएकी थिइन।

कास्की पोखरा हस्तकला संघकी अध्यक्ष रामकली खड्काको सभापतित्वमा भएको तालिम उद्घाटन कार्यक्रमको सञ्चालन संघका सचिव बुद्धि पुर्जाले गरेका थिए भने संघकी उपाध्यक्ष सीता गुरुङले स्वागत मन्तव्य राखेकी थिइन।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सडक महोत्सव सफल पार्न सुझाव सहित उपसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**

रेष्टुरेण्ट एण्ड बार एशोसिएशन (रेवान) पोखराले अङ्ग्रेजी नयाँ वर्षमा गर्दै आएको सडक महोत्सवलाई सभ्य र भव्य रुपमा सम्पन्न गर्नको लागि विशेष साधारण सभा मार्फत सुझाव संकलन सहित विभिन्न उपसमिति गठन गरेको छ।

पोखराको ब्राण्डको रुपमा चिनिएको सडक महोत्सवको २४ औं संस्करणसम्म आइपुग्दा महोत्सवलाई कसरी थप प्रभावकारी र नविनतम् रुपबाट सम्पन्न गर्न सकिन्छ भन्ने विषयमा विशेष साधारण सभा केन्द्रित भएको रेवानका अध्यक्ष नरेश भट्टराइले जानकारी दिनुभयो। उहाँले भन्नुभयो "सडक महोत्सव पोखराको पर्यटन क्षेत्रको एउटा ब्राण्ड बनेको महोत्सव हो, २४ औं सडक महोत्सवको तयारी गरिरहँदा




यसलाई थप प्रभावकारी कसरी बनाउन सकिन्छ भनेर पहिलो चरणमा रेवानका सदस्यहरुबाट सुझाव संकलन गरेर उपसमितिहरु बनाएका छौ।" उहाँले पहिलो चरणमा रेवानका सदस्यहरुबाट सुझाव लिएको र दोस्रो तेस्रो चरणमा पर्यटन विद् लगायत पर्यटन सम्बद्ध संघसंस्था, जनप्रतिनिधि, आमा समुह, युवाक्लव, टोलविकास संस्थाहरुसँग छलफल गरेर सुझाव लिइने बताउनुभयो।

बदलिदो समय अनुसार महोत्सवमा नविनतम सोच र त्यहि अनुसारको गतिविधि समावेश गर्नका लागि विभिन्न २४ वटा उपसमिति गठन गरेर जिम्मेवारी बाँडफाँड समेत गरेको रेवानका प्रथम उपाध्यक्ष विश्वराज पौडेलले जानकारी दिनुभयो। सो अवसरमा सडक महोत्सवका परिकल्पनाकार अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले महोत्सव कुनै एक संस्थाको मात्र नभई पोखराको पर्यटन क्षेत्रको प्रवर्द्धन र व्यवसायिक हितका लागि भएकाले सबैले अपनत्व लिएर महोत्सवमा सम्पन्न गर्न सहयोग गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा सडक महोत्सव परेकाले पर्यटकमैत्री वातावरणमा महोत्सव सम्पन्न गर्न र सोही अनुसारमा गृह कार्य जुटन पनि रेवानका सदस्यहरुलाई आग्रह गर्नुभयो। रेवानले हरेक वर्ष पुस १३ बाट १७ गते सम्म पाँच दिन सडकमै खाँउ सडमै रमाउँ भन्ने नाराका साथ खाना संस्कृति प्रवर्द्धन गर्ने उद्देश्य सहित यो महोत्सव गर्दै आएको छ। विशेष साधारण सभामा रेवानका सल्लाहकार, पूर्व अध्यक्ष सहित सदस्यहरुको उपस्थिती रहेको थियो।

# औद्योगिक व्यापार मेलामा २ सय ५० वटा स्टलहरु रहने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**

पोखराको नयाँबजार स्थित प्रर्दशनी केन्द्रमा आयोजना हुने राष्ट्रिय औद्योगिक व्यापार मेलाको आवश्यक तयारी पूरा भएको छ।

पोखराको जेठो संस्था पोखरा उद्योग वाणिज्य संघको आयोजनामा मंसिर १६ गते देखि २५ गतेसम्म संचालन हुने उक्त मेलाको तयारी पुरा भएको आज (बुधबार) मेला स्थल प्रदर्शनी केन्द्रमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

समृद्धि स्टिल्सको मुख्य प्रायोजन रहेको मेलामा डोमतर्फ ७८,अटो तर्फ ४५ र अन्य विभिन्न खालका १ सय २० वटा स्टल गरी करिब जम्मा २ सय ५० स्टल रहने भएको संघका अध्यक्ष पवनकुमार प्रजापतिले बताए। मेलाको आकर्षणको रुपमा औद्योगिक तथा व्यापार मेला, हस्तकला मेला, कृषिमेला, पूष्पमेला, अटोमेला, सूचना तथा प्रविधिहरुको प्रदर्शनी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको गतिविधिहरुको प्रदर्शनी, वाल उद्यान लगायत दैनिक उपभोग्य वस्तु घरायसी सरसामान, लत्ताकपडा, श्रृंगारका सामानहरुको बिक्री वितरण हुने भएको उनले जनाए।

औद्योगिक, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य,पर्यटन लगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने उद्धेश्यले मेलाको आयोजना गरिएको अध्यक्ष प्रजापतिले बताए। लगानीको सम्वर्द्धन : उद्योग ब्यवसायको प्रवर्द्धन भन्ने मूल नारा रहेको मेला गण्डकी प्रदेशको व्यवसाय बिस्तारको संभावनाको खोजी तथा यो प्रदेशको पर्यटकीय सम्भावना उजागर गर्ने उदेश्यले आयोजना गरिएको उनको भनाई छ। यही मंसिर १६ देखि २५ गतेसम्म आयोजना हुने मेलाको शुक्रबार गण्डकी प्रदेशका कानून,संचार तथा प्रदेशसभा मामिला मन्त्री विन्दुकुमार थापाले उद्घघाटन गर्ने तयारी गरिएको संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बताए। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको समेत आयोजना, गण्डकी सरकार,पोखरा महानगरपालिका एवम् नेपाल पर्यटन बोर्डको प्रवर्द्धन रहेको छ। त्यसै गरी पोखराको प्रतिष्ठित व्यावसायिक घराना लक्ष्मी हाउसको उत्पादन समृद्धि स्टिल्सको मुख्य प्रायोजन रहेको मेलामा मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनी प्रालि, इ-सेवा गरिमा विकास बैंक लिमिटेड,बाल्ट्रा होम एल्लाइन्सेस तथा शिव शिखर एग्रो प्रालिको मुख्य सह प्रायोजन रहेको संघका महासचिव बलराम आचार्यले बताए। मेलाको मञ्च प्रायोजकमा कृषि विकास बैंक लिमिटेड,टिकट प्रायोजकमा किङ क्वाइल,गेटपास प्रायोजकमा आइएसएमटी कलेज पोखरा,ब्रोसर प्रायोजकमा माछापुच्छ्रे बैंक लिमिटेड,इन्स्योरेन्सपार्टनरमाअजोड इन्स्योरेन्स लिमिटेड,हस्पिटालिटी पार्टनरमा कुटी रिसोर्ट र चौतारी बुटिक,मुख्य गेट प्रायोजकमा नेपाल बैंक लिमिटेड र ग्यालेक्सी हस्पिटल,हेल्थ पार्टनरमा मणिपाल अस्पताल,इन्टरनेट पार्टनरमा पोखरा इन्टरनेट रहेका छन्।

सिटीइभिटीको सहयोगमा कास्की जिल्ला हस्तकला संघले मेला स्थलमा हस्तकलाका सामग्री बनाउने तालिम प्रदान गर्ने भएको छ। ख्यातिप्राप्त राष्ट्रिय कलाकार हरुबाट सांस्कृतिक कार्यक्रमका अलावा रत्यौली गीत प्रतियोगिता र डान्सिङ स्टार प्रतियोगिता पनि समावेश गरिएको छ। मेलाको प्रवेश टिकटको हकमा सर्वसाधारणको लागि १ सय र विद्यार्थीको लागि ६० रुपैयाँ कायम गरिएको छ। संघका महासचिव आचार्यका अनुसार मेला अवधिभर प्रदर्शनी केन्द्रमा उद्यमशीलतासम्बन्धी सेमिनारको पनि आयोजना गरिनेछ। मेलाको समुद्धाटन अगाडि संघको सचिवालयबाट मेला प्रदर्शनीस्थलसम्म प्रभातफेरीको आयोजना पनि गरिनेछ।

मेलालाई बाइबाई चाउचाउ,राष्ट्रिय वाणिज्य बैंक, एनआइसी एसिया बैंक लिमिटेड, बागमती प्लाष्टिक, डाबर नेपाल,प्रभु बैंक लिमिटेड, अन्नपूर्ण केबलकार,गृहलक्ष्मी ग्यास कम्पनी,नेपाल टेलिकम, कोसेली तेल,युनाइटेड रेफ्रेन्स ल्याब्रोटरी (युआरएल),हरपल चामल, सोल्टी पानी, लक्ष्मी हुण्डाइ,सफल दूध,उपकार ब्राण्ड,अर्ना बियरको प्रायोजन रहेको छ।

# टुर दी पोखरामा सहभागीहरुको लागि आवेदन खुल्ला

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**

यस बर्ष पोखरामा आयोजना हुने छैटौं संस्करणको टुर दी पोखरामा सहभागी हुने खेलाडीहरुको लागि शनिबारदेखि आवेदन खुल्ला हुने भएको छ। साइकल सिटी पोखराको आयोजनामा आउदो पुष ७ देखि ९ गते हुने टुर दी पोखरामा सहभागि हुने खेलाडीहरुले विभिन्न स्थान तथा माध्यमबाट समेत आवेदन दिन सक्ने व्यबस्था मिलाएको टुर दी पोखराका संयोजक राजन गोङ्गजुले बताए।

उनका अनुसार साइकल सिटिको अफिसियल फेसवुक पेज र त्यसै गरी साइकल ल्याण्ड पोखरा न्यूरोड, चालिसे साइकल सेन्टर सृजनाचोक, तामा टुसा रेष्टुरेण्ट रामबजार, रानीपौवा पेट्रोल पम्प, रानीपौवा, लुम्बिनी फोटो स्टुडियो जिरोकिलोमिटर, लान्द्रुक आयाल डिष्ट्रिब्यूटर्स हरिचोक लगायतका स्थानमा सहभागि खेलाडीहरुले सम्पर्क गरी आफ्नो नाम दर्ता गराउन सक्ने भएका छन्।

अघिल्ला दुई बर्ष कोरोनाको कारण प्रभावित भई स्थगित भएको उक्त इभेण्टलाई यस बर्ष भव्य एवं सभ्य रुपमा सम्पन्न गर्न आफुहरु विभिन्न संघ संस्थाका पदाधिकारीहरुसंग चरणवद्ध छलफलमा जुट्दै आएको संयोजक गोङ्गजुले जनाए। टुर दी पोखराको पूर्व सन्ध्यामा पोखरामा पुष ६ गते पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा दोश्रो राष्ट्रिय मेयर




कप साइकल दौड प्रतियोगिता हुने भएको समितिका अध्यक्ष दीपक गोदारले बताए। करिब २० किलोमिटर साइकल प्रतियोगिताका विजेतालाई नगद ३० हजार, दोस्रो हुनेले २० हजार र तेस्रो हुनेले १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भएको साइक्लिङ संघका अध्यक्ष शंकर भण्डारीले बताए। स्वास्थ्य, वातावरण र पर्यटनका लागि साइकल भन्ने नाराका साथ साइकल सिटीले टुर दी पोखरा कार्यक्रम हरेक वर्ष आयोजना गर्दै आएको छ।

कार्यक्रममा देशका विभिन्न भागबाट साइकल यात्रीहरू सहभागी हुने भएको पोखरा साइकल सिटीका अध्यक्ष अभिषेक कोइरालाले बताए। टुर दी पोखरा अर्न्तगत फ्रान्समा हुने साइकल टुर कै झल्को दिने गरी ७२ किलोमिटर दुरीमा बागलुङको कालिका मन्दिरबाट पोखराको विन्ध्यावासिनी मन्दिर जोड्ने गरी यात्रा हुने भएको संयोजक गोङ्गजुले जनाए। कम्तिमा एक दिन भएपनि साइकल चढेर पेट्रोलियम खपत घटाउने अभियान आफुहरुले सुरु गर्ने बताएका उनले अब साइकलको प्रयोगलाई प्रथामिकता दिनुपर्नेमा जोड दिए। पुष ७ गते हुने उक्त साइकल यात्रामा काठमाण्डौं देखि देशका विभिन्न स्थानबाट सहभागि हुने भएको आयोजकले दाबी गरेको छ।

पुष ९ गते पोखरामा करिब १९ किलोमिटर साइकल र्‍याली हुने भएको छ भने सोही दिनमै उक्तदान कार्यक्रम समेत हुने भएको साइकल सिटी पोखराका पूर्व अध्यक्ष प्रकाश बज्रचार्यले बताए। उक्त साइकल र्‍यालीमा करिब १ हजार ५ सय जना सहभागि हुने अपेक्षा गरिएको उनले जनाए। पोखराको प्रर्दशनी केन्द्रबाट सुरु भई उक्त र्‍याली पोखराका विभिन्न भाग परिक्रमा गरी प्रर्दशनी केन्द्रमै पुगेर समापन हुने भएको छ।

यसैबिच साइकल सिटी पोखराले पोखरामा विभिन्न संघ संस्थाका पदाधिकारीहरुसंग छलफल गरी उक्त कार्यक्रमलाई सफल पार्न आग्रह गरेको छ।

# प्रधानमन्त्री भएर देशको उन्नति गर्ने चाहना छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १५ मंसिर**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कार्यकारी प्रमुख भएर देशको उन्नति गर्ने चाहना रहेको बताउनुभएको छ। तनहुँको देवघाट गाउँपालिकाद्वारा बिहीबार आयोजित सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले प्रधानमन्त्री बनेर देश विकास गर्ने आफ्नो चाहना छ भन्नुभयो।

उहाँले भन्नुभयो, "अहिले नेपालमा देखा परेका सङ्कटलाई हटाउन चाहन्छु। बलियो नेपाल बनाउन चाहन्छु, सुरक्षित नेपाल बनाएर सम्पन्न नेपाली बनाउन चाहन्छु।" देश विकासको प्रमुख बाधक भ्रष्टाचार रहेकाले भ्रष्टाचारको जालोलाई तोड्ने एवं तनहुँ-१ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य पौडेलको भनाइ थियो। वरिष्ठ नेता पौडेलले जनताको आकाङ्क्षा पूरा गर्न लाग्ने जनाउँदै विकास आयोजनका लागि बजेट अभाव नहुने प्रष्ट पार्नुभयो। देवघाटलाई धार्मिक पर्यटनको केन्द्र बनाइने जनाउँदै उहाँले यहाँ पर्यटनबाट समृद्धि सम्भव रहेको बताउनुभयो। "पर्यटनको विकास भएपछि यहाँ होटल रेष्टुरा खुल्छ, रोजगारीको अवसर सिर्जना हुन्छ, यहाँका जनतालाई सहज हुन्छ", उहाँले भन्नुभयो।

# एघार महिनामा भित्रिए पाँच लाख ४९ हजार पर्यटक

**रासस**
**काठमाडौं, १५ मंसिर**

पछिल्लो ११ महिनामा पाँच लाख ४९ हजार छ सय ५६ विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कानुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अक्टोबरसम्म पाँच लाख ४९ हजार छ सय ६५ पर्यटकले नेपाल भ्रमण गरेका हुन्। बोर्डका अनुसार नोभेम्बर महिनामा ७२ हजार छ सय ५३ पर्यटक नेपाल आएका छन्। अघिल्लो अक्टोबरमा ८८ हजार पाँच सय ८२ पर्यटक नेपाल भित्रिएका थिए। अप्रिलमा ६१ हजार पाँच सय ८९ र सेप्टेम्बरमा ५८ हजार तीन सय १४ पर्यटकले नेपाल भ्रमण गरेका थिए। त्यस्तै अगष्टमा ४१ हजार तीन सय ४, जुलाइमा ४४ हजार चार सय ६२ र जुनमा ४६ हजार नौ सय ७५, मेमा ५३ हजार छ सय आठ, मार्चमा ४२ हजार छ, फेब्रुअरीमा १९ हजार सात सय ६६ र जनवरीमा १६ हजार नौ सय ७५ पर्यटकले नेपाल भ्रमण गरेका थिए। नोभेम्बरमा पनि भारतबाट २० हजार आठ सय ३२ पर्यटक आएका छन्। अमेरिकाबाट सात हजार आठ सय ३१, बेलायतबाट पाँच हजार एक सय ६५ र अष्ट्रेलियाबाट तीन हजार तीन सय ७५ पर्यटक नेपाल भित्रिएका छन्। यस्तै बङ्गलादेशबाट दुई हजार दुई सय १८, थाइल्यलाण्डबाट दुई हजार चार सय ४१ पर्यटक आएका छन्।

**आवश्यकता**

**सरु पेन्ट्स एण्ड सप्लायर्स पोखरा-३ नदीपुर वडा कार्यालय अगाडिका लागि केहि कर्मचारी आवश्यकता परेको हुँदा तुः सम्पर्क राख्नुहोला। तलव आपसी समझदारीमा। मोटरसाईकल चलाउन जान्नेलाई विशेष प्राथमिकता दिइनेछ।**

**सम्पर्क:**
**सरु पेन्ट्स एण्ड सप्लायर्स नदीपुर, पोखरा**
**फोन: ०६१-५७३९७१, ९८४६४८२६७२**

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने :** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने :** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पोखरा उद्योग वाणिज्य संघ : पोखराको समृद्धिको महत्वपूर्ण साझेदार

**–वासुदेव पौडेल**

**पोखरा, १५ मंसिर (रासस)**

जहानियाँ राणाशासनको अन्त्य भई २००७ सालमा स्थापित प्रजातन्त्रपछि पोखरामा स्थापित यहाँको पुरानो संस्था हो पोखरा उद्योग वाणिज्य सङ्घ । उद्योग व्यवसायीको हकहितका लागि स्थापित सङ्घ स्थापनायता निरन्तर यहाँको शिक्षा, स्वास्थ्यलगायत विकास निर्माणमा साझेदार बन्दै आएको छ ।

तत्कालीन समयमा यहाँका व्यापारीले आफ्ना हक तथा अधिकारको संरक्षणका लागि २००८ सालमा स्व टेकबहादुर ढेवाजुको अध्यक्षतामा ३३ जना व्यवसायी सम्मिलित संस्था खोलिएको थियो । उक्त संस्थाले निरन्तरता पाउन नसके पनि उक्त प्रयासकै जगमा २०११ माघ २५ गते स्व अमृतप्रसाद शेरचनको अध्यक्षतामा पोखरा व्यापार सङ्घ विधिवत् स्थापना भएको हो । शेरचनको अध्यक्षतामा गठित अस्थायी समितिलाई २०१२ सालमा सु अनुङ्गमान शेरचनको प्रयासबाट विधिवत् दर्ता भएको थियो । त्यही व्यापार सङ्घ अहिले पोखरा उद्योग वाणिज्य सङ्घका रुपमा क्रियाशील छ ।

पोखराका हरेक समाजिक गतिविधिमा नेतृत्वदायी भूमिका निर्वाह गरेको सङ्घले त्यसयता यहाँको औद्योगिक विकाससँगै शिक्षा, स्वास्थ्य, रोजगार प्रवर्द्धन आदिमा विशिष्ट भूमिका खेल्दै आएको पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवनकुमार प्रजापति बताउनुहुन्छ । सङ्घकै पहलमा २०३१ सालमा पोखरामा औद्योगिक क्षेत्रका लागि जग्गा अधिग्रहण गरेपछि तत्कालीन पोखरा व्यापार सङ्घले आफूलाई परिमार्जित गर्दै पोखरा उद्योग वाणिज्य सङ्घमा रुपान्तरित भएको हो ।

सङ्घको स्थापनासँगै व्यवसायीले पोखरा विमानस्थल अगाडि एउटा गोदाम घर निर्माण गरेका थिए । करिब १५ हजारको लागतमा निर्मित गोदाम घरमा विमानस्थलबाट आउने सामान थन्क्याउन थालिएसँगै सङ्घका गतिविधि बढ्दै गएका हुन् । व्यापार सङ्घ गठन हुँदादेखि नै यसले उद्योग व्यवसाय क्षेत्रको विकाससँगै शिक्षा, स्वास्थ्य, आवश्यक पूर्वाधार विकासमा जोड दिएको अध्यक्ष प्रजापतिले बताउनुभयो ।

पोखरामा २०१७ सालमा पृथ्वीनारायण कलेज चलाउन सङ्घले तत्कालीन अवस्थामा मासिक एक हजार तथा पोखरा विमानस्थलबाट सङ्कलन हुने सेवा शुल्कबाट समेत सहयोग गर्दै गरेको प्रयासको जगले अहिले पोखरा शिक्षाको केन्द्र जस्तै बनिसकेको छ । विसं २०४८ मा वाणिज्य शास्त्रमा स्नातकोत्तरको कक्षा चलाउने निर्णय गरेका अवस्थामा तत्कालीन समयमा सङ्घले दुई लाख रुपैयाँ सहयोग उपलब्ध गराएको थियो । सङ्घकै रु एक लाख ३२ हजार सहयोगमा २०२८ सालमा बालमन्दिरको भवन निर्माण भएको थियो । बालमन्दिरका लागि सङ्घको सहयोग अहिले पनि जारी रहेको छ ।

पोखरालाई शिक्षा, स्वास्थ्य, पर्यटन र कृषिको व्यवसायीकरणका माध्यमबाट समृद्ध बनाउन सङ्घले ठूलो गुन लगाएको शिक्षा क्षेत्रका जानकारहरू बताउँछन् । सङ्घले २०४४ सालमा पोखरा बहुमुखी कलेज स्थापना गर्दा आवश्यकपर्ने रु तीन लाख रुपैयाँ धरौटीबापतको रकम सहयोग गरेको थियो । पोखरा उद्योग वाणिज्य सङ्घ तथा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वध्यक्ष आनन्दराज मुल्मी सङ्घले यहाँका हरेक शैक्षिक संस्थामा केही न केही योगदान गरेको बताउनुहुन्छ । पोखरा विश्वविद्यालयको स्थापनाका लागि सङ्घले गरेको पहल महत्वपूर्ण छ । देशमा २०४० सालयता बहुविश्वविद्यालयको अवधारणा भित्रिएसँगै पोखरामा विश्वविद्यालयको आवश्यकता बोध गर्दै सङ्घका तत्कालीन अध्यक्ष हेमबहादुर प्रधानको नेतृत्वको प्रतिनिधिमण्डलले २०४१ सालमा प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको ध्यानाकर्षण गराएको थियो ।

विसं २०४३ मा सङ्घका तत्कालीन अध्यक्ष रामचन्द्र बाँस्तोलाको संयोजकत्वमा समिति गठनका साथै त्यसयता विभिन्न चरणका छलफल र सुझाव सङ्कलनका काम बढाइएको थियो । पोखरा विश्वविद्यालय सम्पर्क समितिले सोही जगमा टेकेर २०४३ कात्तिक ११ गते स्व राजा वीरेन्द्रसामु विश्वविद्यालय स्थापनाका लागि बिन्तीपत्र प्रस्तुत गरेको थियो ।

सङ्घको अध्यक्षमा मुल्मी निर्वाचित भएपछि उहाँकै अध्यक्षतामा २०४३ सालमा प्रस्तावित पोखरा विश्वविद्यालय सम्पर्क समिति गठन भयो । विसं २०४६ मा राजाको पोखरा भ्रमणपछि विश्वविद्यालय स्थापनाका निम्ति सरकारलाई निर्देशन दिइएको थियो ।

विसं २०४७ मा सङ्घको अध्यक्षमा फणिन्द्रमान श्रेष्ठ निर्वाचित भएपछि उहाँकै संयोजकत्वमा प्रस्तावित पोखरा विश्वविद्यालय सम्पर्क समिति गठन भयो । विसं २०४९ मा भएको बृहत भेलाले प्रस्तावित विश्वविद्यालयको नाम पोखरा विश्वविद्यालय राख्ने निर्णय गऱ्यो । सङ्घका तत्कालीन अध्यक्ष अशोक पालिखेको अध्यक्षतामा एक सय ६१ सदस्यीय मूल समिति गठन गरियो भने १३ सदस्यीय व्यवस्थापन समिति पनि गठन भयो । विभिन्न प्रयाससँगै २०५३ सालमा पोखरा विश्वविद्यालय विधेयक संसद्मा दर्ता भयो । विसं २०५३ मा नै सङ्घका तत्कालीन अध्यक्ष आजाद श्रेष्ठको अध्यक्षतामा २० सदस्यीय तयारी समिति गठन भयो । विसं २०५३ मा संसद्को दशौँ अधिवेशनमा पोखरा विश्वविद्यालय ऐन २०५३ पारित भयो । विश्वविद्यालयको प्रथम उपकुलपतिको रुपमा प्राडा पुरुषोत्तम बस्नेत नियुक्त हुनुभयो । त्यतिबेला विश्वविद्यालयको फर्निचर खरिदका लागि सङ्घले केही रकम सहयोग गरेको थियो ।

पोखरामा औद्योगिक क्षेत्रको स्थापनार्थ सङ्घको अगुवाइमा २०२७ सालदेखि विभिन्न प्रयास अघि बढाइएकामा २०३१ सालमा तत्कालीन पोखरा महानगरपालिका-१२ कुँडहरमा पोखरा औद्योगिक क्षेत्रको स्थापना भयो । पोखरा औद्योगिक क्षेत्रको स्थापनापछि यहाँका व्यवसायी क्रमशः उद्योग तथा व्यापारतर्फ आकर्षित हुँदै गए । पोखराको व्यावसायिक विकासका लागि विभिन्न संस्थासँगको प्रयासमा सङ्घले गरेका साझेदारीका कार्यक्रम प्रभावकारी बन्दै गएका छन् । पोखराको स्वास्थ्य क्षेत्रका लागि पनि महत्वपूर्ण योगदान गरेको सङ्घले पोखरामा मुटुरोग उपचार केन्द्र स्थापनादेखि यहाँका हरेक स्वास्थ्य क्षेत्रको विकासमा योगदान गरेको छ । पोखरालाई विश्वमाझ जोड्ने दीर्घकालीन लक्ष्यका साथ सङ्घले पोखरामा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थल निर्माणका लागि धेरै पहिलादेखि अग्रसरता देखाउँदै आएको छ । विमानस्थलका लागि २०३२ सालमा जग्गा अधिग्रहण भए पनि निर्माणको काम नबढ्दा सङ्घकै अगुवाइमा विभिन्न सङ्घर्षका कार्यक्रम गरिएको थियो । सङ्घकै अगुवाइमा विमानस्थल निर्माणका लागि दबाब दिने उद्देश्यले २०६१ असोज ६ गतेका सम्बद्ध सबै पक्षको उपस्थितिमा सम्पन्न भेलाले सङ्घका तत्कालीन अध्यक्ष रमेश कर्माचार्यको अध्यक्षतामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सहयोग समिति गठन गरेको थियो । त्यसयताका विभिन्न चरणका छलफल अन्तर्क्रियासँगै सङ्घर्षका कारण अन्ततः पोखरा विमानस्थल निर्माण सम्पन्न भई यान्त्रिक उडानसमेत भइसकेको छ । विमानस्थल निर्माण हुनुपर्छ भन्ने सङ्घको अगुवाईसँगै २०४७ सालयता होटेल सङ्घ पोखराको पहलमा विमानस्थल सञ्चालनका अवस्थासम्म आइपुगेको होटल सङ्घ एवं पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वध्यक्ष विश्वशङ्कर पालिखेले बताउनुभयो ।

**उद्योग एवं व्यवसायको प्रवर्द्धनका लागि मेला**

औद्योगिक क्षेत्रको विकाससँगै व्यवसायको प्रवर्द्धनका लागि सङ्घले गर्दै आएको औद्योगिक व्यापार मेलालाई पोखरामा मात्र नभई देशमा नै महत्वका साथ हेर्ने गरिएको छ । यस वर्षको मेला समृद्धि स्टिल्सको मुख्य प्रायोजनमा हुन लागेको र यही मङ्सिर १६ देखि २५ गतेसम्म आयोजना हुन लागेको महासचिव बलराम आचार्यले बताउनुभयो ।

पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने उद्देश्यका साथ मेलाको आयोजना गरिएको अध्यक्ष प्रजापतिले बताउनुभयो । 'लगानीको सम्वर्द्धनः उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने मूल नारा रहेको मेला गण्डकी प्रदेशको व्यवसाय विस्तारको सम्भावनाको खोजी तथा यो प्रदेशको पर्यटकीय सम्भावना उजागर गर्ने उद्देश्यसमेत रहेको उहाँको भनाइ छ । सङ्घका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीका अनुसार यस वर्ष हुने मेलाअन्तर्गत डोमतर्फ ७८, अटोका ४५ र अन्य विभिन्न खालका १२० वटा कक्ष गरी करिब २५० कक्ष रहेका छन् । मेलाको आकर्षणका रुपमा औद्योगिक तथा व्यापार मेला, हस्तकला मेला, कृषिमेला, पुष्पमेला, अटोमेला, सूचना तथा प्रविधिको प्रदर्शनी, विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको गतिविधिको प्रदर्शनीलगायत दैनिक उपभोग्य वस्तु घरायसी सरसामान, लत्ताकपडा, शृङ्गारका सामानको बिक्रीवितरण रहेका छन् । सिटीइभिटीको सहयोगमा कास्की जिल्ला हस्तकला सङ्घले मेला स्थलमा हस्तकलाका सामग्री बनाउने तालिम प्रदान गरिने कार्कीले बताउनुभयो ।

# चिसो बढेसँगै बेँसी सार्न थालियो चौरी र भेडीगोठ

**पोखरापत्र संवाददाता**

**म्याग्दी, १५ मंसिर**

जाडोयाम सुरु भएसँगै हिमाली तथा उच्च पहाडी भेगका चौरी र भेडीगोठ न्यानो स्थानको खोजीमा बेँसी सार्न थालिएको छ ।

म्याग्दी र मुस्ताङका उच्च पहाडी क्षेत्रका चौरी र भेडीगोठ जाडो बढ्न थालेसँगै रित्तिन थालेका छन् भने तल्लो भेगका खर्क र बेँसीमा चहलपहल बढेको छ । मुस्ताङको थासाङ, निलगिरी साउथ हिमाल फेदीको मार्चे, धौलागिरि हिमाल फेदीको मूलिखर्क, बतासे र म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ मा पर्ने अन्नपूर्ण साउथ हिमालमुनिको खोप्रा/खयर तथा बयली लेकका चौरी, रघुगङ्गा र धवलागिरि गाउँपालिकाका उच्च लेकाली क्षेत्रमा चरनका लागि लगिएका भेडालाई बस्ती नजिकैका न्यानो क्षेत्रमा झारिएको हो ।

मुस्ताङ र म्याग्दीको उच्च लेकाली क्षेत्रमा पालिएका चौँरी र भेडा गर्मीमा लेक तथा जाडोमा बेसी झार्ने गरिन्छ । घुम्ती गोठ बनाएर चौरी र भेडापालन गर्दै आएका मुस्ताङको मूली, बतासे क्षेत्रका चौँरी नाउरीकोट, बोक्सीखोलाका चौरी पालक किसानले चरनका लागि चौँरीलाई गर्मी महिनामा धौलागिरि, निलगिरि र टुकुचे हिमालको फेदमा रहेका खर्कमा लैजाने गर्छन् भने जाडो सुरु भएपछि बेँसी झार्ने गर्दछन् ।

मुस्ताङका चौरी पालक किसान सहेन्द्र शेरचनले लेकाली क्षेत्रमा अत्यधिक चिसो बढ्नुका साथै हिमपात हुन सुरु भएपछि चौँरीलाई नीलगिरि फेदीका चौँरी चोखोपानी, सौरु, टिटी क्षेत्रमा सारिएको जानकारी दिनुभयो । म्याग्दीको अन्नपूर्ण क्षेत्रका चौँरीलाई लरेनी क्षेत्रमा ओरालिएको चौरीपालक सोभित खोरजाले बताउनुभयो ।

अहिले बेँसी झारिएका चौँरीलाई वैशाख लागेपछि मात्रै पुनः बुकी (लेक) फर्काइने उहाँको भनाइ छ । चिसो छल्न बेँसी झरे पनि चौँरीलाई चरनको समस्या रहेको किसानले गुनासो गरेका छन् । "सामुदायिक वन उपभोक्ता समूहले वन क्षेत्रमा चरिचरनलाई रोक लगाएपछि समस्या उत्पन्न भएको छ", उहाँले भन्नुभयो, "लेकाली क्षेत्रमा चरनको समस्या छैन, तर बेँसीका चरन क्षेत्रमा चरनको अभाव हुने भएकाले चौँरी पाल्ने किसानको सङ्ख्या कम हुँदै गएको छ ।"

त्यसैगरी मुस्ताङको मूली लेकका चौँरीपालक किसान सकेन्द्र गौचनले माथि चिसो बढ्न थालेपछि न्यानो बासको खोजीका उँधोतर्फ झर्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "जाडो बढ्न थालेपछि हामी चौँरीगोठ बेँसीतिर झार्छौं गर्मी सुरु भएपछि फेरि लेकतिर ल्याउने गर्छौं, जाडोले पशुचौपाया मात्र नभइ मानिसलाई समेत समस्या हुने भएकाल बेँसी झर्नु बाध्यता हो ।"

तेन्जिङ जस्तै यहाँका सबै चौरी किसान बेँसी झर्न थालेका छन् । यहाँका किसान छ महिना लेकतिर र छ महिना बेँसीतिरको खर्कमा चौँरी तथा गाईभैँसी पाल्दै आएका छन् ।

# वालिङ नगरपालिका र निफ्राबीच सम्झौता

**पोखरापत्र संवाददाता**

**वालिङ, १५ मंसिर**

आँधीखोला बहुउद्देश्यीय जलविहार परियोजना निर्माणका विषयमा स्याङ्जाको वालिङ नगरपालिका र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) काठमाडौँबीच समझदारीपत्रमा हस्ताक्षर गरिएको छ ।

वालिङस्थित आँधीखोलामा बाँध बाँधेर जलाशय निर्माण गर्ने र सोही जलाशयमा जलविहार गर्ने मुख्य उद्देश्यसहित अगाडि बढाइएको आँधीखोला बहुउद्देश्यीय जलविहार परियोजना निर्माणका लागि वालिङ नगरपालिका र निफ्राबीच बुधबार काठमाडौँमा समझदारीपत्रमा हस्ताक्षर भएको हो । वालिङ नगरपालिकाले आँधीखोलामा जलाशय निर्माण गरी जलविहारको व्यवस्था मिलाइ आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्नका लागि सार्वजनिक निजी साझेदारीमा विकास, लगानी, निर्माण एवं सञ्चालनसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताउनुभयो । "यो दीर्घकालीन महत्व र वालिङको गौरवको योजना पनि हो", उहाँले भन्नुभयो, "सरकारी निजी साझेदारी पिपिपि मोडेलअन्तर्गत आँधीखोलामा जलविहार सञ्चालन गर्ने र त्यसका लागि आर्थिक तथा प्राविधिक सहयोगीसँग समन्वय र स्रोतको व्यवस्थापन गर्ने विषयमा निफ्रासँग सहमति पत्रमा हस्ताक्षर भएको हो ।" नगरपालिकाले आँधीखोलामा बाँध बाँधेर जलविहार गर्न सकिने, आँधीखोलाको दुवै किनारमा रहेको कोरिडोरको सौन्दर्यकरणमाजोड दिने, निर्माण भएको जलाशयमा माछा पाल्ने र सीमान्तकृत अवस्थामा रहेको माझी जातीको पेसा व्यवसायको संरक्षण, आँधीखोलाको वातावरणीय संरक्षण साथै पर्यटकीयस्थल बाहुनथानदेखि वालिङ बजार नजिकै जिपलाइन निर्माण गर्नेजस्ता मुख्य कार्य यो परियोजनाअन्तर्गत रहेकाले पूर्वसम्भाव्यता अध्ययन गरिसकेको उहाँले बताउनुभयो ।

"नगरपालिकाको तर्फबाट पूर्वसम्भाव्यता अध्ययन गरिसकेका छौँ", उहाँले भन्नुभयो, "हाम्रोतर्फबाट गरिएको अध्ययनका विषयमा निफ्रासँग छलफल गऱ्यौँ, उहाँहरु यो परियोजनाका विषयमा आकर्षित हुनुभयो ।"

नगरपालिकाका तर्फबाट परियोजना स्थलमा गर्नुपर्ने प्रक्रिया र निफ्राका तर्फबाट गरिने कार्य सहमति पत्रमा उल्लेख गरिएको छ । पूर्वाधारका क्षेत्रमा काम गर्दै आएको निफ्राले वालिङ नगरपालिकाले अगाडि सारेको परियोजनालाई ठोस रुप दिनका लागि सहमति पत्रमा हस्ताक्षर गरेको निफ्राको पब्लिक सेक्टर न्यू इनिसियटिभ प्रमुख स्मृति शर्माले बताउनुभयो । सरकारी निजी साझेदारी पिपिपि मोडेलअन्तर्गत रहेर उक्त परियोजनाको थप सम्भाव्यता अध्ययन गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र अध्ययनबाट सम्भव देखिएमा लगानीको प्रक्रिया अगाडि बढाइने उहाँले बताउनुभयो । वालिङ नगरपालिकाले तयार पारेको पूर्वसम्भाव्यताअध्ययनप्रतिवेदनअनुसार वालिङ नगरपालिका वडा नं ८ र ९ मा रहेको खेलमैदान नजिकै एउटा बाँध, वालिङ ६ र ९ स्थित मजुवामा एक गरी दुई वटा बाँध बाँधी जलाशय निर्माण गरिने छ ।परियोजना निर्माणका लागि करिब रु ४५ करोड लगानी लाग्ने पूर्वानुमान वालिङ नगरपालिकाले तयार पारेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## दुधपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश
## गौंडा लमजुङ्ग

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०८/१६)**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ घ (६), सोही दफाको उपदफा २ घ (११) तथा प्रदेश सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन, क्रसिङ तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ अनुसार यस गाउँपालिकाको आ.व. २०७९/८० को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । मिति २०७९/०९/०१ गतेको कार्यालय समय भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर सिभिल बैंक गौडा शाखाको खाता नम्बर ०५९१०१७०५२४११४ मा तिरी यस कार्यालयमा पेश गरि दरभाउपत्र खरिद गर्न सक्नेछन । मिति २०७९/०९/०३ गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको** Website: www.dudhpokharimun.gov.np **हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सुचित गरिन्छ । (सम्पर्क नं.** 9856045813 Information Officer)

**ढुंगा गिट्टी बालुवा प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क**

| क्र. स. | ठेक्का नं. | उत्खनन् गर्ने ठाउँ वा घाटको नाम | उत्खनन् गर्ने वा संकलन गर्न सकिने परिमाण (घन मिटरमा) | दरभाउपत्र खरिद दस्तुर रु | न्यूनतम कबोल अंक आ व २०७९/०८० को लागि रुपैयामा (मु अ कर बाहेक) | धरौटी रकम रुपैयामा |
|---|---|---|---|---|---|---|
| १ | 079-80/DPRM/SQ-1/1 | कुनाघाट | ३३५.५ | १०००।- | ८३,०००।- | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| २ | 079-80/DPRM/SQ-1/2 | त्रिबेणीघाट | २१०.४ | १०००।- | ५२,०००।- | |
| ३ | 079-80/DPRM/SQ-1/3 | ल्यांग्दी बगर | ३७९.८ | १०००।- | ९४,०००।- | |
| ४ | 079-80/DPRM/SQ-1/4 | पोखराटार | २०८.३ | १०००।- | ५१,५००।- | |
| ५ | 079-80/DPRM/SQ-1/5 | धरालवेशीघाट | २८१.६ | १०००।- | ७०,०००।- | |
| ६ | 079-80/DPRM/SQ-1/6 | कुयालेघाट | २२१.८ | १०००।- | ५५,०००।- | |

**प्रमुख प्रशासकिय अधिकृत**